Ohio Statewide
Family Engagement Center
Every Child. Every Family. Every School.

# संरचित साक्षरता भनेको के हो?

संरचित साक्षरता भनेको के हो?

**संरचित साक्षरता कस्तो हुन्छ वा यो भन्दा कस्तो सुनिन्छ?**

संरचित साक्षरताअन्तर्गत मानिसले कसरी पढ्न सिक्छन् भन्ने हाम्रो बुझाइका आधारमा सामान्यदेखि जटिल सीपहरूसम्मको एउटा निश्चित क्रममा पढ्न सिकाइन्छ। यो एकदमै सीधा पनि हुन्छ। शिक्षकहरू विद्यार्थीहरूले आफ्नो बोलाइलाई लेखाइमा बदल्न थाहा पाउनु पर्ने खास सीपहरू सिकाउने कार्यमा ध्यान दिन्छन्। संरचित साक्षरता भनेको विद्यार्थीहरूले नयाँ सीपहरू सिक्दै जाँदा धेरै अभ्यास गर्ने, समीक्षा गर्ने र त्रुटिहरू सच्याउनेलगायतका क्रियाकलापहरू गर्ने व्यवहारिक सिकाइ हो। संरचित साक्षरता सिकाइ प्रारम्भिक बाल्यावस्थाबाट सुरु भई हाई स्कुलसम्मै जारी रहन्छ। पढ्ने सीपहरू सिकाउनका लागि सुन्ने, बोल्ने, पढ्ने र लेख्ने सीपहरू एकअर्कासँग संयोजन गरिन्छन्।

संरचित साक्षरतामा निम्न क्रियाकलाप समावेश हुन्छन्:

- शब्दका नाम र ध्वनिहरू सिकाउने,
- अक्षरहरू उच्चारण गर्ने र उक्त अक्षरहरू मिलेर कसरी शब्द बन्छन् भन्ने कुरा सिकाउने,
- अक्षर टाइल र अन्य वस्तुहरू प्रयोग गरेर शब्दहरू निर्माण गर्ने,
- शब्दहरूमा भएका हरेक ध्वनि तथा अक्षरहरू सुन्दा ट्याप गर्ने वा ताली बजाउने,
- ध्वनि र अक्षरको रेखाचित्र प्रयोग गरेर विद्यार्थीहरूलाई शब्दमा भएको प्रत्येक अलग ध्वनि कसरी एक वा सोभन्दा बढी अक्षरहरू मिलेर बनेको हुन्छ भन्ने कुरा देखाउने, र
- कार्डहरूमा भएका शब्दहरू मिलाएर वाक्यहरू बनाउने।

यो अवधारणा प्रयोग गरेर हामी विद्यार्थीहरूलाई शब्दहरू पढ्ने तरिका सिकाउन पुस्तकमा शब्दहरू "अनुमान" गर्न वा "सन्दर्भ सङ्केतहरू" प्रयोग गर्न लगाउदैनौं।

**म थप जानकारी कहाँ पाउन सक्छु?**

संरचित साक्षरता शिक्षाविद्, बोली तथा भाषा विशेषज्ञ, मनोवैज्ञानिक, स्नायुविद् र अन्य पेसाकर्मीले गरेका कयौँ अनुसन्धान अध्ययनहरूमा आधारित छ। यसलाई कहिलेकाहीँ पठन विज्ञान भनिन्छ।

तपाईंको स्थानीय स्कुल डिस्ट्रिक्टले संरचित साक्षरता अवधारणा कसरी प्रयोग गर्दै छ भन्ने बारेमा तपाईंलाई थप जानकारी उपलब्ध गराउन सक्छ। अन्य कयौँ संस्थाहरूले पनि तपाईंलाई संरचित साक्षरता र पढ्ने सीपहरूको विकास गर्ने अन्य परिवार मैत्री गतिविधिहरूका बारेमा जानकारी दिन सक्छन्। जस्तै अन्तर्राष्ट्रिय डिस्लेक्सिया संघ (International Dyslexia Association) (DyslexiaIDA.org) र ReadingRockets.org. विद्यार्थीको कल्याण र शैक्षिक सफलताका लागि सशक्त परिवार, विद्यालय र सामुदायिक साझेदारीलाई बढावा दिने यो जस्तै थप स्रोतहरू हेर्नका लागि ओहायोको राज्यव्यापी पारिवारिक संलग्नता केन्द्र (Ohio Statewide Family Engagement Center) को वेबसाइट OhioFamiliesEngage.osu.edu मा हेर्नुहोस्!

**अप्रिल 2024**

THE OHIO STATE UNIVERSITY
CENTER ON EDUCATION AND TRAINING FOR EMPLOYMENT